यस मोहन्याल गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशनको गरिमामय सभामा उपस्थित सुदूरपश्चिम प्रदेश सरकारका माननीय मन्त्री ज्यू,सुदूरपश्चिम प्रदेश सभाका माननीय सदस्य ज्यू,संविधान सभाका माननीय सदस्य ज्यू,गाउँसभाका सदस्यज्यूहरु, सदस्य सचिवज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरु, पत्रकार मित्र, सुरक्षाकर्मी, मोहन्याल गाउँपालिकावासी आमा-बुबा, दिदी बहिनी तथा दाजुभाइ एवं उपस्थित सम्पूर्ण महानुभावज्यूहरु,

महान जनयुद्ध र ऐतिहासिक जनान्दोलनको जगमा स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् प्राप्त उपलब्धिका रुपमा २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भई दोस्रो स्थानीय सरकार गठन भए पश्चात् यस मोहन्याल गाउँपालिकाको गाउँसभा र आ. व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु समक्ष गाउँसभाको अध्यक्षको हैसियतले उपस्थित भएको छु। सर्व प्रथम यस ऐतिहासिक घडीमा संघिय लोकत्रान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाको लागि १० वर्षे महान जनयुद्ध ऐतिहासिक जनआन्दोलन,मधेश आन्दोलन र अन्य न्याय पूर्ण आन्दोलनमा आफ्नो अमुल्य प्राण उत्सर्ग गर्ने महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता योद्धाप्रति उच्च सम्मान प्रकट गर्दछु , घाइते योद्धको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु, साथै मोहन्याल गाउँपालिकाका पुर्व अध्यक्ष स्वर्गीय नवल सिंह रावल ज्यू प्रति हार्दिक श्रदासुमन अर्पण गर्दछु लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु र उपस्थित महानुभावहरु परिवर्तनको चाहना एवं दिगोविकास र सम्बृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेको छ। सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकास "समृद्ध मोहन्याल" को परिकल्पना गर्ने हाम्रो सपना अघि बढ्ने आधार तयार भएको छ । शिक्षा, स्वास्थ्य, कृषिः,पर्यटन, हरीयाली, सहकारी विकास र पूर्वाधारः मोहन्यालका सात आधार सहितको नारा सार्थक बनाउने मूल रणनैतिक सोचका साथ नेपालको संबिधान २०७२ द्धारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधान, पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, दीर्घकालिन सोच,लक्ष्य तथा उद्देश्य संग तालमेल हुनेगरी मोहन्याल गाउँपालिकाको आवश्यकता,साधन श्रोतको उपलब्धता संस्थागत क्षमता विकास समेतका आधारमा आगामी आ.ब. २०८०/०८१ को नीति कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने प्रयास गरिएको छ।

मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई तयार पार्नका लागि महत्त्वपूर्ण सल्लाह, सुझाव प्रदान गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि, बुद्धिजीवी, नागरिक वर्ग, कर्मचारी संयन्त्र, स्थानीय राजनीतिक दल, र पत्रकार जगतको महत्वपूर्ण भूमिकालाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु,**

अव म यस मोहन्याल गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. नेपालको संविधान (२०७२) बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई जनप्रतिनिधिमूलक शासन व्यवस्था सञ्चालनमा रहेको छ। अबका दिनमा मोहन्याल गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा दिगो पूर्वाधार विकास र व्यवसायिक कृषि, पशुपालन, पर्यटन र सहकारी क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाई आर्थिक विकास गर्दै, गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिएको छ।

२. मोहन्याल गाउँपालिकाको विभिन्न मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य बनाउन उचित बासस्थान,व्याबसायिक होटेल होमष्टे र पिकनिक स्पट बनाउने तथा अन्य संरचना निर्माण गरी यस क्षेत्रमा प्रवेश गर्ने आगन्तुकहरुलाई आत्मिय स्वागत गर्दै पर्यटन विकास तथा यस गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरु घोडा दाउने पोखरी, पाल्सा, पितमारी, राँजकाँडा, सुगरखाल मालिका, आमपानी,चोसेकाँडा मालिका,युद्धपर्यटकीय क्षेत्र बजाडी,खिमडी पिकनिक स्पट सिमली खोला केदार केदारेश्वर मन्दिर, मोहन्याल मन्दिर, खिमडी शिव मन्दिर,छडी थान मन्दिर काप्रा,मोहन्याल मन्दिर कठिउर,त्रिवेणीधाम बडीगाउँ, सोल्टा, फलाटे मगर गुफा,फलेबिसौना,गैरीलेख, टुटुवा देखी सिलागाडे पदमार्ग अगाडी बढाइने छ ।

३. यस गाउँपालिकाका सम्पूर्ण जनताहरुको स्वच्छ खानेपानी र सरसफाईको सहज पहुँचको लागि खानेपानी तथा सरसफाई कार्यालय (संघ तथा प्रदेश मातहतका कार्यालय झोलुङ्गेपुल पोखरी र पण्डौन युद्ध पर्यटकीय क्षेत्र, भोटेकोट तितौरा मन्दिर,कालापानी मोहन्याल

मन्दिर लगायतका सम्पदाहरुको नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानसंग समन्वय गरी उचित प्रवर्द्धन गर्न पर्यटकीय गन्तव्य वनाउने, डकुमेन्ट्री निर्माण गर्ने, विद्युतीय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरी पर्यटन क्षेत्रको विकासमा जोड दिइनेछ । यसका लागि डकुमेन्ट्री बनाई प्रचार प्रसारमा जोड दिइनेछ ।

४."प्रत्येक घर हरेक गाउँ हाम्रै कार्यकालमा उज्यालो बनाउ" भन्ने मूल नारालाई मूर्त रुप दिनका लागि बिधुत लाईन बिस्तार र आपुर्तिलाई सहज बनाउन तत्काल नेपाल विद्युत प्राधिकरण अन्तर्गत ग्रामीण सामुदायिक बिद्युतिकरण संग साझेदारी गरी शाखा लाईन तथा मुख्य लाईन विस्तारको काम भईरहेको जानकारी गराउदछु र यो कार्यलाई थप बिस्तार गरिनेछ । अन्य दातृ निकायहरुसंग समन्वय र सहकार्य गरी यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा राष्ट्रिय प्रसारण लाईन बिस्तार गरिनेछ साथै यसै गाउँपालिकाको वडा नं.२ मा १० मेघावाट को सौर्य विद्युत लाइनको कार्य यसै वर्ष देखि सुरुवात गरिने छ तथा कर्णाली जल परियोजना र मोहन्याल गाउँपालिकाको साझेदारीमा कार्यक्षेत्र विस्तार गरी सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानी पुऱ्याउनका लागि आवश्यक पहल गरिनुको साथै स्वास्थ्य र पूर्ण सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन् साथै निर्माण भएका संरचनाहरुको रेखदेख र दिगोपनका लागि पालिकामा वास युनिट शाखा गठन गरिने छ ।

५. यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला, अल्पसङ्ख्यक, अपाङ्ग लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतिका लागि विभिन्न सरकारी र गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी मानवीय विकासको मूलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछन । गरिव विपन्न तथा दलित समुदायका साथै कमजोर सामाजिक तथा आर्थिक परिस्थिति भएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रम संग समन्वय गरी घरबास निर्माणका लागि थप पहल गरिनेछ ।

६. गाउँपालिकाको पार्श्वचित्र तयारी गरी सोको आधारमा भावी रणनिति तयार गर्ने र क्षेत्रगत गुरुयोजना निर्माणका साथै योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैह्रसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

७. प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्यूनिकरणका लागी राहत तथा पुनर्स्थापनाका खातिर खडा गरिएको विपद् व्यवस्थापन कोषलाई बृहत बनाई तत्काल विपद्को समयमा राहतको महसुस गराइनेछ । यसका लागि गाउँपालिकाले तयार गरेको बिपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधिको आधारमा काम अगाडी बढाइनेछ ।

८. कर राजश्व तथा गैरकर राजश्वका दरलाई भन्दा दायरालाई फराकिलो पार्दै आन्तरिक आम्दानीमा बृद्धी गरी यस गाउँपालिकालाई स्वावलम्वन तर्फ उन्मुख गराइनेछ । साथै नियमित कर भुक्तानी प्रकृयाबाट उत्कृष्ट करदाता छनौट गरी पुरस्कृत तथा सम्मान गर्ने तर्फ जोड दिइनेछ । यसका लागि प्राकृतिक स्रोत साधनको उत्खनन् ओसारपसार बिक्रीलाई IEE मार्फत आर्थिक बर्षको सुरुबाटै प्रभावकारी रुपमा लागु गरिनेछ ।

९. सूचना र सञ्चार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिदैन । भरपर्दो सञ्चार व्यवस्थापनका लागि प्रत्येक वडाबाटै सम्पूर्ण सूचना गाउँपालिका केन्द्रमा अनलाईन प्रबिधिबाट पुऱ्याउने व्यवस्था भइरहेको छ । यो वर्ष कर्मचारीको क्षमता विकास का साथै प्रविधि, उपकरणको व्यवस्था मिलाइनेछ साथै वडाहरुमा ईन्टरनेट तथा कम्प्युटरको सर्वसुलभता बनाई थप प्रबिधिको विकास गरिनेछ । साथै ईन्टरनेटको पहुँच विस्तारका लागि आवश्यक पहल गरिने छ ।

१०. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन, खानेपानीको सहज आपूर्तिका लागि बिस्तृत परियोजना प्रस्ताव तयार गरी खानेपानी आयोजनाहरु सञ्चालन गर्न आबश्यक पहल गरिनेछ । खानेपानीको सहज व्यवस्थापनका लागि खानेपानी मुहानको पहिचान, संरक्षण तथा परीक्षण गरी वितरणका लागि आबश्यक व्यवस्था मिलाइने छ र फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने, संस्कारको विकास गर्ने तथा हरियाली विकासको नारालाई सार्थक बनाउने तर्फ जोड दिइनेछ ।

११. यो बर्ष पूर्णरुपमा सामाजिक सुरक्षा कार्यक्रमलाई बैंकिङ प्रणालीबाट भुक्तानी प्रकृया भईसकेकाले सम्भव भएसम्म सम्बन्धित वडाबाटै प्रविधिको सुलभता मिलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्ने तर्फ बैंक संग समन्वय र सहकार्य गरिनेछ ।

१२. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति,पारदर्शिता,जवाफदेहिता,भ्रष्ट्राचार निवारण लगायतका

कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । हरेक कार्यालयले बार्षिक समिक्षा,सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने परिपाटीको विकास गरिनेछ ।

१३. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गर्ने,प्रोत्साहन गर्ने, कर्मचारीबीचको विभेद पूर्ण रुपमा अन्त गर्ने र यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीर मर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

१४ .युवाहरुलाई उपलब्ध साधनस्रोतको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्यूनीकरण गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउनुका साथै युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुद तर्फ प्रोत्साहन गर्ने खालका युवा लक्षित कार्यक्रमहरु ल्याइनेछ ।

१५.जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न जोड दिईनेछ । यसका लागि जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

१६. आर्थिक वर्षको अन्त्यमा आएर विकास गर्ने परिपाटीको अन्त्य गरिनेछ । यसका लागि आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम गर्न सुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ । दोस्रो चौमासिक सम्म योजना सम्झौता र तेस्रो चौमासिकको दोस्रो महिनासम्म भुक्तानी लिने परिपाटिको विकास गरीनेछ । लागतमा आधारित रहेर योजना तथा कार्यक्रम छनौट गरी लागु गरिनेछ ।

१७. मोहन्याल गाउँपालिकाको न्यायिक समितिमा परेका उजुरीहरु मध्ये आर्थिक रुपले बिपन्न र कुटपिट भई घरबाट निकालिएका बालबालिका,दलित,महिला जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरुको न्यायिक निरुपण र न्यायिक सम्पादनको लागि गाउँपालिका द्धारा वैतनिक कानुनि सहायताको लागि निशुल्क रुपमा कानुनी सेवा उपलब्ध गर्न पहल गरिने छ ।

१८. मोहन्याल गाउँपालिकाका सातवटै वडाहरुमा जनसंख्याको वितरणलाई आधार मानी टोल विकास संस्थाको गठन गरी उपभोक्ता मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

१९. मोहन्याल गाउँपालिकाका सातै वटा वडाहरुमा सम्भाव्यता अध्ययन गरी कम्तीमा १ पकेट क्षेत्र (मसला, फलफूल,तरकारी, पशुपन्छी, दुग्ध, मत्स्य) को स्थापना गरिनेछ र सो को लागि सहकारी समूह मार्फत उत्पादनलाई जोडदिईने छ ।

२०. मोहन्याल गाउँपालिकाको विभिन्न भू-भागलाई समेटेर एकीकृत नदी नियन्त्रण र सिंचाई साथै, वन्यजन्तुको संरक्षण, नियन्त्रण तथा व्यवस्थापन गरी उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।

२१. मोहन्याल गाउँपालिकाका लिफ्ट खानेपानीलाई प्रबिधियुक्त बनाउने व्यवस्था गरिनेछ र त्यसको लागि सोलार लिफ्टलाइ थप प्रविधिमा जोडदिनुका साथै विद्युतीय उर्जा संगै सौर्य उर्जालाई समेत प्राथमिकता दिने गरि कार्यक्रम अगाडी बढाइनेछ ।

२२. गाउँस्तरमा विभिन्न समूहमार्फत बचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समूहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पूँजी निर्माण, ऋण परिचालन मार्फत आम मोहन्याल बासी जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । यसका लागि उद्धेश्य मिल्ने सहकारी तथा समूहलाई समायोजन गरिनेछ साथै दर्ताका नाममा दर्तामात्र भएका तथा गतिबिधि नदेखिएका सहकारीको अनुगमन गरी दर्ता खारेज गर्न सहकारी शाखा मार्फत अनुगमन प्रतिवेदन प्राप्त भएपछि प्रकृया अघि बढाइनेछ । साथै यस गाउँपालिकामा विभिन्न लघु बित्त संस्थाहरुले कारोबार गरेको पाइएकोले के, कुन र कसरी क्रियाकलाप चलाइएको छ । लगानी र प्रतिफलको आँकलन गर्न प्रवेश अनुमति लिनका लागि सहकारी शाखा मार्फत पहल गरिनेछ ।

**आदरणीय  गाउँसभा सदस्यज्यूहरु:**

अव म विषयगत रुपमा आगामी आ.ब.का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क. पूर्वाधार विकास क्षेत्र(यातायात पूर्वाधार,भवन तथा आवास,सूचना तथा संचार र उर्जा):

१.  मोहन्याल गाउँपालिका भित्रका प्रत्येक सडकहरु, पिकनिक स्पट, पर्यटकीय क्षेत्रका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । सबै वस्तीलाई सडक सञ्जालबाट  जोड्ने र वडा  जोडने मुख्य सडकहरुको  स्तरोन्नति गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र अव्यवस्थित रुपमा बनिरहेका घरहरुलाई घर निर्माण संहिता र सडक मापदण्ड भित्र बनाउन आवश्यक प्रकृया अगाडी बढाइनेछ ।

३. सुकुम्बासी, अव्यवस्थित बसोबास, भूमिहीनको तथ्याङ्क संकलन गरी आवासका लागि भूमी आयोग संगको समन्वयमा आबश्यक प्रकृया अघि बढाइनेछ ।

४. गाउँपालिकाको गौरवको योजनाको रुपमा पहिलो सिमली खिमडी सडक निर्माण आयोजना र दोस्रो सोल्टा, ताम्चा, राक्सा, कोल्तडी, खिमडी, खनिया ताल हुँदै विरखेत जोडने सडकहरुलाई प्राथमिकतामा राखी निर्माण कार्य सुचारु गरिनेछ ।

५. राजकाँडा-नौलाकोट-चोसेकाँडा-बजाडी-कटौंजे जोड्ने चुरे मार्ग,बालुवागडा-कटौजे-विर्खेत, तालबन्द-कटौजे,फलेबिसौना-सुगरखाल-भत्कुरी-सोल्टा,आमपानी-राजकाँडा-माल्चाना-ज्यामिरे-कुइने,ठुलागडा-सुगरखाल-सेतिखोर-सोल्टा,फलेबिसौना-तल्लापानी सडक,फल्लेबिसौना-सल्लेरी-राक्सा  सडक,तालबन्द-साल्घारी-सापखर्क  सडक,रजेगडा-चौकुने  सडक  खण्डलाई  विस्तार  तथा स्तरोन्नतिका लागि  बिशेष जोड दिइने छ ।

६. अजिंगरे,सावा झोलुङ्गे पुल को निर्माण कार्य यसै आर्थिक वर्ष देखि सूरु गरी निर्माण कार्य सम्पन्न गरिने छ ।

७. सोल्टा राजिरेक्वाका जनतालाई आवतजावतमा अतिनै कठिनाई भएकोले बोटा खोलामा झोलुङ्गे पुल को लागि सम्बन्धित निकायमा तत्काल पहल गरिने छ ।

८. चिसापानी-सोल्टा-खिमडी सडक स्तरोन्नतिको कामलाई निरन्तरता दिइनेछ ।

९. वार्ड नं.६ स्थित रुइनिकोट सोल्टा पक्की सडक निर्माणको काम यसै आर्थिक वर्ष देखि  सुरुवात गरिनेछ ।

१०. सोल्टा देखि सुगरखाल सडक निर्माणको काम यसै आर्थिक वर्ष देखि  सुरुवात गरिनेछ ।

११. बगेरवा सेतिखोर सडक निर्माणको कार्य यसै आर्थिक वर्ष देखि  अगाडी बढाइनेछ  ।

१२.कटौजे खोला झोलुंगे पुल को निर्माण कार्य यसै आर्थिक वर्ष देखि  सुरुवात गरिनेछ ।

१३.पितमारी रगार्डेन जाने बाटो को काम लाई यसै आर्थिक वर्ष देखि  अगाडी बढाइनेछ  ।

१४.तालाबन्द खनियाताल सडक स्तरोन्नतिको काम यस आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ ।

१५.राजिपुर बलुवागडा देखि खनियाताल हुदै खिमडी सडक स्तर उन्नतिको कामलाई निरन्तरता दिईनेछ ।

१६. चिसापानी सोल्टा सडक खण्डको बादेखोला ,टिउलीखोला र कारवाखोला पक्कि पुल निर्माणको काम यसै आर्थिक वर्ष देखि अगाडी बढाइनेछ  ।

१७. गाउँपालिकाको समष्टिगत प्रोफाइल तयार गरिनेछ ।

१८.अध्यक्षको चासो जनताको गुनासो भन्ने मुल  नाराको साथ जनताको हरेक समस्या र गुनासो सरकार प्रमुख समक्ष पुगोस् भन्ने उद्देश्य का साथ नि:शुल्क हटलाइन सेवा सुचारु गरिनेछ

१९.सूचनाको हकलाई पूर्णरुपमा सुनिश्चित गरिनेछ ।

२०.मोहन्याल गाउँपालिकाका लागि आवश्यक पर्ने सफ्टवेयर(दर्ता,चलानी,ई-हाजिरी , योजना र अन्य) खरिद गरि सञ्चालन ल्याइने छ ।

२१.मोहन्याल गाउँपालिका अन्तर्गत रहेका  सम्पूर्ण  वडा कार्यालयहरुका आवश्यक ठाउंहरुमा डिजिटल बोर्ड हरुको (नागरिक वडा पत्र ,डिजिटल होडिंग बोर्ड )व्यवस्था गरिने छ |

२२.गाउँपालिकालाई सूचना प्रविधि मैत्रि बनाइनेछ।

२३.मोहन्याल गाउँपालिकामा आवश्यक बजेटको व्यवस्थापन गरि सी.सी टि.भि क्यामेरा जडान गरी संचालनमा ल्याइने छ।

२४.कागज रहितको गाउँपालिका निर्माणका लागि आवश्यक व्यवस्था गरिने छ।

२५.सूचना प्रविधिको प्रयोगमा जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिने छ।

## ख. आर्थिक विकास क्षेत्र :

### (१) कृषि विकास तथा सहकारी तर्फः

१. अध्यक्ष कृषि आधुनिकीरण परियोजनालाई निरन्तरता दिइनेछ ।

२. कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउँदै,गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदानमा वृद्धि गरिनेछ । गाउँपालिकामा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली स्थानीय रैथानेबालीको प्रबर्द्धन तथा व्यवसायिकरणका लागि प्रोत्साहन गरिनेछ।

३. व्यवसायिक रुपमा कृषि पेशामा संलग्न कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरुको तथ्याङ्क संकलन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्त दुरुस्त बनाइ व्यबस्थित गरिनेछ।

४. यस गाउँपालिका भित्रका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्महरुको मागको आधारमा खाद्यान्न, तरकारी, फलफूल, नगदेवालीमा बिशेष अनुदान तथा प्रोत्साहन दिइनेछ।

५. कृषि व्यावसाय र सहकारी संस्थालाई प्रोत्साहित र मर्यादित बनाउनका लागि गाउँपालिका भित्रका उत्कृष्ट सहकारी संस्थालाई र उत्कृष्ट कृषकहरुलाई मापदण्ड तयार गरी पुरस्कृत गरिनेछ।

६. कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुसंगको सहकार्य तथा साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

७. समुदायको पोषण तथा जिविकोपार्जनको अवस्थामा सुधार ल्याउनका लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा करेसाबारी स्थापना गर्दै, सम्भाव्य क्षेत्रमा उत्पादन पकेट क्षेत्र बिस्तार गर्ने र साथै गाउँपालिका स्तरमा आवश्यक रुपमा बोटबिरुवा सहज रुपमा आपुर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य सहकारी संस्था मार्फत गरिनेछ।

८. साझेदारीमा स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ हुने गरी जिविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरण साथै कृषि सामग्रीको सहज आपूर्तिका लागि आवश्यकता अनुसार बिउ भण्डारण घर तथा संकलन वितरण केन्द्र स्थापना गरिनेछ।

९. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुयाउने वालीवस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाबाट साझेदारी गरी कार्यक्रम अगाडी बढाइनेछ ।

१०. कृषि क्षेत्रको आधुनिक विकासका लागि कृषकको आवश्यकताका आधारमा कृषि सामग्रीहरुमा व्यवस्था मिलाइनेछ ।

११. कृषकको ज्ञान,सिप र दक्षतामा वृद्धि गर्न बिभिन्न तालिम गोष्ठी सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ।

१२. बालीनालीमा क्षति पुऱ्याउने रोग किराको व्यबस्थापन गर्न गाउँपालिकाबाट बिभिन्न बाली उपचार शिविर, जैविक तथा रासायनिक बिषादीको व्यवस्था मिलाइनेछ ।

१३ .कृषि क्षेत्रमा बिदेशबाट फर्किएका युवाहरुलाई आकर्षित गर्न र कृषकको माग बमोजिम अनुदान दिन मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. बाँझो जग्गा खनजोत तथा उपयोग गर्नेलाई आवश्यक प्याकेज कार्यक्रमको व्यवस्था गरिनेछ।

१५. कृषिको विविधिकरण गर्न माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइनेछ र माटो परिक्षण भएको स्थानहरुमा परिक्षण भए बमोजिमको खेति गर्न लगाइनेछ ।

१६. प्राकृतिक स्रोत व्यवस्थापन तथा आर्थिक विकास अभियानमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१७. कृषि उत्पादन वृद्धिका लागि विउ विजन तथा यान्त्रिकरण सहुलियतपूर्ण साझेदारी कार्यक्रम सहकारी मार्फत सहयोग गरिनेछ ।

१८. दातृ संस्था, गैरसरकारी संस्था,प्रदेश र केन्द्र सरकारसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

## (२) पशु सेवा तर्फ :

१. पशुपन्छी क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धि गर्दै गाउँपालिकालाई दुध,अण्डा र मासुमा आत्मनिर्भर बनाउन गाई/भैसीपालन, बाख्रापालन तथा स्थानीय ग्रामीण लेयर्स कुखुरापालन र मत्स्यपालनलाई प्रोत्साहित गरिनेछ ।

२.व्यावसायिक रुपमा पशुपालन पेशामा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुको तथ्यांक संलकन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्तदुरुस्त बनाई व्यवस्थित गरिनेछ । साथै कृषि तथा पशुपन्छी सम्वन्धी अन्य तथ्यांक अध्यावधिक गर्ने कार्यक्रमलाई अझ व्यवस्थित बनाइनेछ ।

३. व्यावसायिक कृषकलाई आवश्यक पर्ने डाले घाँसका विरुवाका लागि नर्सरी स्थापना गरिनेछ । साथै यस गाँउपालिकाका सम्पूर्ण व्यवसायिक कृषकलाई घाँसको विउ तथा विरुवा वितरण गरिनेछ ।

४. पशुपन्छीहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक कार्यक्रम संचालन गरिनेछ साथै न्युनतम दुध दिने ५ भन्दा माथि गाई,भैसी पालन गरी दुध व्यवसायिक गर्ने कृषकलाइ पुरस्कारको व्यवस्था गरिने छ ।

५. पशुपालन सम्वन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि अन्य संघसंस्थासँग सहकार्यमा साझेदारी गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६. पशुरोग विरुद्ध खोप कार्यक्रमलाई अभियानका रुपमा सन्चालन गरिनेछ । साथै पशुपन्छी विकास शाखामा मिनी प्रयोगशाला बनाउन आवश्यक पहलगरिनेछ ।

७. पशुपन्छी विकास शाखामा कार्यरत प्राविधिक तथा कषकहरु लाई नवीनतम प्रविधि सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाको सडकछेउ तथा पहिरो जोखिम क्षेत्रमा बायोइन्जीनियरिङको रुपमा घाँसखेती गर्न प्रोत्साहन गरिनेछ ।

९. पशुपन्छी विकास शाखाबाट नियमित रुपमा सन्चालन हुँदै आएको पशुस्वास्थ्य उपचार सेवा कार्यक्रमलाई व्यवस्थित र प्रविधि मैत्री बनाई सेवाप्रवाह गरिनेछ । साथै यस शाखाबाट सेवाप्रवाह गर्न कठिनाई हुने ठाँउमा घुम्तीशिविर मार्फत सम्बोधन गरिनेछ ।

१०. स्वच्छ र स्वस्थ मासु उपभोक्ताहरुमा पुऱ्याउनका लागि मासुपसल सुधारका कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

## (३) संस्कृति तथा पर्यटन तर्फ :

१. गाउँपालिका क्षेत्र भित्र रहेका समस्त जातजाती, भाषा, धर्म, कला, संस्कृतिको संरक्षणका लागि विशेष पहल गरिनेछ ।
२. आमपानी, राजकाँडा, चिसापानी र पितमारीलाई टुरिजम हबको रुपमा विकास गर्न तथा पर्यटन आकर्षण बिच टुरिजम लिङ्केज विकास गर्न पैदलमार्ग,सडक, भ्यू प्वाईन्ट, बौद्ध गुम्बा र स्तुपा, शालिक, पार्क, आराम गृह, खानेपानी, सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन समिति मार्फत संरक्षण र प्रवर्द्धन गर्न पहल गरिनेछ
३. कर्णाली कोरिडोर पर्यटन प्रवर्द्धनका लागि विभिन्न स्थानीय सरकार संग समन्वय गरी नदीमा र्याफ्टिङ, समुदायमा होमस्टे, होटल तथा यातायत व्यवस्थापन लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।
४. युद्ध पर्यटनलाई प्रवर्द्धन गर्न जनयुद्ध स्मारक पार्क पण्डौन,बजाडीमा निर्माण गरिनेछ।
५. त्रिवेणी धाम, मोहन्याल मन्दिर, छडि देवता, मालिका मन्दिरहरु, जालपा मन्दिर आदिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।
६. पंचेबाजाको संरक्षण, सम्वर्द्धन र तालिमको व्यवस्था गरिनेछ ।

७. स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गरिने छ र सो क्षेत्रमा संलग्न व्यक्तिहरुलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ।
८. पालिकामा रहेका पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण, होमस्टे संचालन, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र र कला केन्द्र आदिको विकासमा जोड दिईनेछ।
९. धार्मिक धरोहरहरुको अभिलेखीकरण गरी संरक्षण गरिनेछ।
१०. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा जोड दिइनेछ।
११. सबै जात-जाति तथा धर्मका धार्मिक आस्थाका क्षेत्रलाई पर्यटन आकर्षण केन्द्रका रुपमा विकास गर्न पहल गरिनेछ।
१२. समुदायमा आधारित पर्यटन क्रियाकलापलाई प्रवर्द्धन गरिनेछ।
१३. पर्यटन प्रवर्धनका लागि पर्यटक गाइड तालिम लगायतका विभिन्न तालिमहरु संचालन गरिनेछ।
१४. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटन स्थलसम्म जाने सडक सञ्जालको विकास गरिनेछ।
१५. वडा नं.७ स्थित राजकाडा,पितमारी र वडा नं.४ स्थित सिमली खोलामा यसै आर्थिक वर्ष देखि पिकनिक स्पट निर्माणको काम थालनी गरिने छ।

१६. घोडा दाउने पोखरी, पाल्सा, पितमारी, राँजकाँडा, सुगरखाल मालिका, आमपानी, चोसेकाँडा मालिका, बजाडी केदार केदारेश्वर मन्दिर, मोहन्याल मन्दिर, खिमडी शिव मन्दिर, मोहन्याल मन्दिर, त्रिवेणीधाम बडीगाउँ, सोल्टा, फलाटे मगर गुफा, फलेबिसौना,गैरीलेख, टुटुवा देखी सिलागाडे पदमार्ग, सिमली खोला पिक्निक स्पट, कालापानी मोहन्याल मन्दिर, झोलुङ्गेपुल पोखरी र पण्डौन र खिमड़ी लाई युद्ध पर्यटकीय क्षेत्रको पर्यटकीय पूर्वाधार निर्माण तथा संरक्षणमा पहल गरिनेछ। उक्त पर्यटकीय क्षेत्रको संरचना निर्माण र संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

## (४) जलश्रोत सिचाई तथा तटबन्धन तर्फ :

१. वडा नं. ३ स्थित राँगामलेखा लिफ्ट सिचाई योजनाको कार्य यसै वर्ष अगाडी बढाइनेछ।
२. वडा नं २ स्थित झाप्री खोला सिचाई योजनाको निर्माण कार्य अगाडी बढाइनेछ।
३. वडा नं.६ स्थित पटघारी सिचाई योजना, माथिल्लो बगेरावा सिचाई योजना लाई यसै वर्ष देखि निर्माण कार्य सुरुवात गरिनेछ।
४. वडा नं.४ स्थित पट्रेनी सिचाई आयोजना को निर्माण कार्य यसै वर्ष भित्र सम्पन्न गरिने छ।
५. वडा नं.५ स्थित आमखोला सिचाई योजना र बरपानी कनसैन सिचाई योजना को निर्माण कार्य यसै वर्ष भित्र सम्पन्न गरिने छ।
६. वडा नं.७ स्थित मोहन्याल भूमिगत सिचाई योजनाको निर्माण कार्य अगाडी बढाइनेछ।
७. वडा नं४ स्थित खिमडी,गोमातडी,पट्रेनी,खनियाताल ठुलीगाड बहुवर्षीय तटबन्धन आयोजनाको निर्माण कार्यको सुरुवात यसै वर्ष देखि सुरुवात गरिने छ।
८. वडा नं. ७ स्थित बढीगाउँ तटबन्धन योजनाको निर्माण कार्य यसै आर्थिक वर्षमा गरिने छ।
९. वडा नं.५ स्थित सालघारी खोला तटबन्धन, बिर्खेत ठुलीगाड तटबन्धन योजनाको निर्माण कार्य सुरुवात गरिने छ।
१०. वडा नं.६ स्थित भैरवनाथ पुर्व सोल्टा तटबन्धन कार्य यसै आर्थिक वर्षमा सुरुवात गरिने छ।
११. वडा नं.३ स्थित गडगाउँ तटबन्धन निर्माण कार्यलाई तिब्रताका साथ अगाडी बढाइनेछ।
१२. वडा नं.५ स्थित आपखोला रानीछडा तटबन्धन निर्माण कार्यको काम यसै आर्थिक वर्षमा सुरुवात गरिने छ।

## (५) भूमि व्यवस्थापन तर्फ:

१. भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र पूर्जा वितरण कार्यलाई यथाशिघ्र सम्पन्न गरिनेछ।
२. घरबास विहीन गाउँपालिकाबासीको पहिचान गरी आवासको व्यवस्था गरिनेछ।
३. अव्यवस्थित बस्तीहरुलाई व्यवस्थित गर्न एकीकृत बस्ती विस्तार गर्न पहल गरिनेछ।

४. कृषि, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनीज, साँस्कृतिक तथा पुरातात्विक,वन,सार्वजनिक उपयोग तथा खुल्ला र अन्य क्षेत्र सहित विभिन्न भागमा वर्गिकरण गरी गाउँपालिकामा भू-उपयोग नीति लागु गरिनेछ।
५. गाउँपालिका भित्रको सार्वजनिक तथा प्रति जग्गाको खोजी गरी पालिकाको मातहतमा ल्याउने व्यवस्था मिलाईने छ।
६. मोहन्याल गाउँपालिकाको सिमाना बिवादलाई समाधानको पहल गरी सिमा निर्धारण तथा सिमा बोर्ड राखिने छ।

## (६) उद्यम विकास तर्फ :

१. चालु आ.व. बाट मोहन्याल गाउँपालिकामा कम्तिमा पनि १ वटा लघुउद्योग सञ्चालनमा ल्याउने तर्फ पहल गरिनेछ।
२. कृषि तथा पशुउपज संकलन केन्द्र हाटवजार व्यवस्थापनका लागि क्षेत्र छनौट तथा कृषिउपज उत्पादनका आधारमा सञ्चालन गरिनेछ। यसका लागि सहकारी संस्था मार्फत संकलन गर्नमा प्रोत्सहान गरिनेछ।
३. पालिका स्तरीय कृषिमेला प्रदर्शनीका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
४. उत्कृष्ट कृषक तथा उद्यमीलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।
५. उद्योग बाणिज्य संघ मोहन्याल स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
६. युवा उद्यमीको तथ्याङ्क संकलन गरी स्वरोजगार सुनिश्चितताका लागि सरोकावाला निकायसंग पहल गरिनेछ।
७. मोहन्याल गाउँपालिकामा रहेका लघु उद्यम तथा उद्यमीलाई उद्यममा प्रोत्साहन हुने खालका कार्यक्रममा जोड दिइनेछ।
८. उद्यमी सिर्जना गर्दा समाजमा पिछडिएका बर्गहरुलाई यस कार्यक्रमको निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार उद्यमी छनौट गर्दा कम्तिमा ७० प्रतिसत महिला,६०प्रतिसत(१६देखी ४०)बर्ष सम्मका युवा समावेश हुने गरी छनौट गरिनेछ।
९. उद्यम ब्याबसायको ब्याबसायिक योजना तयार गरी घाटा नाफाको नतिजा हेरी उद्यम सञ्चालन गरिनेछ।

## (७) वन, वातावरण तथा विपद व्यवस्थापन:

१.गाउँपालिकास्तरीय बिपद् व्यवस्थापन कोष मार्फत गाउँपालिकास्तरमा खर्च हुने प्रदेश सरकार,संघीय सरकार वा गैह्र सरकारी संघ संस्थाका सबै प्रकारका खर्च रकमको १(एक) प्रतिशत रकम कट्टागरी कोषमा जम्मा गर्ने नीति अवलम्बन गरिनेछ साथै सो कोषमा थप रकम जम्मा गर्नका लागि सहयोगी संस्थाहरुलाई आह्वान गरिनेछ।
२. बिपद् पूर्वतयारी, बिपद् व्यवस्थापन, क्षती न्यूनिकरण लगायतका बिषयहरुलाई समेटी बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने कार्य तथा बिपद् सम्बन्धी स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना यसै आ.व. देखि गरिनेछ।
३. मोहन्याल गाउँपालिकामा रहेका राष्ट्रिय बन, सामुदायिक बन, धार्मिक बन, कवुलियती वन र निजी बनको तथ्याङ्क संकलन गरी राष्ट्रिय बन बाहेकका बनको बार्षिक प्रतिवेदन, गैह्र काष्ठ बन पैदावार तथा निकासी पैठारीको लेखा परीक्षण प्रतिवेदनका आधारमा करको दायरामा ल्याइनेछ।
४. स्थानीय सरकार संचालन ऐन को दफा ६२ (ख) को १ बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाइ गाउँपालिका बाट स्वीकृत गराउनु पर्ने व्यवस्थालाई तदारुक्ताका साथ लागु गरिने छ र उपदफा १ बमोजिम वन पैदावार बिक्रि बापत प्राप्त हुने रकमको १० % रकम सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गरिनु पर्ने कानुनि व्यवस्था भए बमोजिम मोहन्याल गाउँपालिका भित्र रहेका सामुदायिक वनहरु बाट प्राप्त हुने आय रकमको १० % रकम गाउँपालिकाको संचित कोषमा जम्मा गर्न लगाइनेछ।
५. "मोहन्याल सरकार को भर, खर मुक्त छानाको घर" भन्ने नाराका साथ गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने गरिब र बिपन्न परिवारहरुका लागि साझेदारीमा आधारित खरका छाना मुक्त घर बनाउने तर्फ अघि बढिनेछ ।
६. सामुदायिक तथा सार्बजनिक वनको अध्ययन, संरक्षण, सम्बर्द्धन र उपयोगको आबश्यक व्यवस्था मिलाइनेछ।
७.प्रत्यक घरधुरीले अनिवार्य रुपमा कम्तिमा १०(दश) बिरुवा वृक्षारोपण गर्ने नीति अबलम्बन गरिने छ ।

८. वडा नं.३ स्थित सब डिभिजन वन कार्यालय फल्लेबिसौनको घेराबर तथा गेट निर्माण कार्यको थालनी यसै आर्थिक वर्षमा गरिने छ।

## ग. सामाजिक विकास क्षेत्र :

### (१) शिक्षा तर्फ :

१. गुणस्तरीय शिक्षा : सीपयुक्त जनशक्ति भन्ने नीतिका साथ शिक्षा प्रणाली,प्रबिधि र पूर्वाधार सुधार गर्दै नेतृत्वलाई सक्षम र जबाफदेही ,शिक्षक लाई उत्प्रेरित र अभिभावकहरुलाई जागरुक बनाई बिद्यालय लाई सिकाई केन्द्रको रुपमा विकास गरी शिक्षित र सीपयुक्त जनशक्ति उत्पादन गरिनेछ।

२. शिक्षक ब्यवस्थापन तथा सुधार कार्यविधि निर्माण गरी लागु गर्ने र 'मेरो बिषय मेरो जिम्मा' मार्फत प्रभावकारी बनाउनका लागि शिक्षा समिति तथा प्र. अ. बैठकमा नियमित छलफल गरिनेछ।

३. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा लैंगिक मैत्री,बाल मैत्री, अपांगता मैत्री बनाइने छ साथै यस अघि कुनै पनि भौतिक पूर्वाधार विकासका लागि बजेट बिनियोजन नभएका विद्यालयलाई पहिलो प्राथमिकतामा राखी निर्माणका लागि बजेट बिनियोजन तथा पहल गरिनेछ।

४. SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई सम्मान गरिनेछ साथै कक्षा ८ (आठ) ,SEE र कक्षा १२(बाह्र) मा उत्कृष्ट शैक्षिक उपलब्धि सहित शैक्षिक गुणस्तर वृद्धि गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनुको साथै उक्त विद्यालयको सिकाई तथा व्यवस्थापकीय अनुभव लाई पालिका भित्रका अन्य विद्यालयमा आदान प्रन गर्ने व्यवस्था मिलाइने छ ।

५. बालविकास तथा शिक्षक दरबन्दी मिलान पालिकाको शिक्षा ऐन मा तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी भएका विद्यालयलाई विद्यालयको तह तथा कक्षा मिलान तह वा कक्षा घटाउने र अन्य वडा संग पायक पर्ने उच्चतम विद्यालयलाई आवासिय विद्यालयको रुपमा स्थापना गरिने छ।

६. खुल्ला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापक छनौट को व्यवस्थाका साथ प्रधानाध्यापक नियुक्ति गरि पालिका र प्रधानाध्यापक संग शैक्षिक कार्य सम्पादन करार गरि सम्बन्धित विद्यालयका शिक्षक र प्रधानाध्यापक बीच शैक्षिक कार्य सम्पादन करार गर्ने ब्यवस्थालाई प्राथमिकता दिईनेछ।

७. यस गाउँपालिकामा स्थानिय शिक्षा सम्बन्धी ऐन बनिसकेकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको निमित्त नियमावली तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनेछ।

८. बालविकास केन्द्रलाई व्यवस्थित गर्नका लागि सहयोगी कार्यकर्ताको न्यूनतम योग्यता कायम गरी कक्षा व्यवस्थापनका लागि आवश्यक सिकाई सामाग्री बसाई व्यवस्थापन लगायत सहयोगी कार्यकर्ता र बिद्यालय कर्मचारीको पारिश्रमिक सुबिधा थपका लागि पहल गरिनेछ।

९. यस गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयहरुलाई बिद्यार्थी संख्या,शिक्षक दरबन्दी,सञ्चालित कक्षा र भौगोलिक दुरी समेतलाई आधार मानी दरबन्दी मिलान गर्ने, कक्षा घटाउने तथा बढाउने र आबश्यक न्यूतनम शिक्षक दरबन्दी सिर्जना गरिनेछ। साथै न्यून विद्यार्थी रहेका नजिकका बिद्यालय समायोजन गरिनेछ र संस्थागत तथा सामुदायिक विद्यालयको मापदण्ड निर्धारण गरि तोकिएको मापदण्ड पुरा नगरेका विद्यालयको तह घटाउने तथा अनुमति खारेज गरिने नीति लिइनेछ ।

१०. वार्षिक रुपमा समग्र शैक्षिक अवस्थाको स्थिति उपर विश्लेषण गरी शिक्षामा सरोवकार राख्ने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षाका कर्मचारी बीच अन्तरक्रिया गरि शैक्षिक सुधारको खाका तयार पारि कार्यान्वयनमा लगिने छ।

११. बिद्यालयको कार्य सम्पादन मूल्यांकनका आधारमा ससर्त अनुदान तथा गाउँपालिकाबाट अनुदान उपलब्ध गराइनेछ ।

१२. आफ्ना नानीहरुलाई सरकारी बिद्यालयमा नपढाउने अविभावकहरु,शिक्षकहरु तथा विद्यालय व्यवस्थापन समितिका वालवालिकाहरुलाई सरकारी विद्यालयमा पढाउनका लागि प्रोत्साहित गरिनेछ।

१३. प्राबिधिक शिक्षालयको क्षमता तथा गुणस्तर विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

१४.स्थानीय पाठ्यक्रम निर्माणमा जोड दिइनेछ।

१५. पालिकास्तरीय परीक्षालाई ब्यबस्थित गर्नका लागि पालिकास्तरिय परीक्षा बोर्ड गठन गर्ने र कक्षा ५,८,१० र १२ को परिक्षा नतिजालाई बिश्लेषण गरी उत्कृष्ट नतिजा हाँसिल गर्ने बिद्यालय एवं सम्बन्धित शिक्षकलाई पुरस्कृत तथा सम्मान गरिनेछ।

१६. एक वडा एक नमुना बिद्यालयको अबधारणा ल्याईनेछ।

१७. राज्यकोषबाट तलव भत्ता तथा सेवा सुबिधा प्राप्त गर्ने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुका बालबालिकालाई सामुदायिक बिद्यालयमा पढाउनका लागि प्रोत्सान गरिने छ।

१८.गाउँपालिका स्तरमा उच्च शिक्षा अध्ययनका लागि एउटा क्याम्पस स्थापनामा आबश्यक पहल गरिनेछ।

१९. बालविकास कार्यकर्ता र विद्यालय कर्मचारीलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुरुपको सेवा सुबिधा दिने बिषयमा आबश्यक पहल गरीनेछ।

२०. हरेक बिद्यालयमा ईन्टरनेट पहुँचको व्यवस्था गरिनेछ साथै प्रत्येक निम्नमाध्यमिक विद्यालय र माध्यमिक विद्यालयमा अनिवार्य कम्प्युटर ल्याब को व्यवस्था गरिनेछ।

२१. प्राविधिक शिक्षामा गरिव तथा जेहेन्दार बिद्यार्थीहरुको पहुँच वृद्धि गर्नका लागि बजेट बिनियोजन गरिनेछ।

२२. नागरिकहरुको चेतना अभिवृद्धि गर्ने हेतुले शैक्षिक पहुँचलाई सहज बनाउन यस गाउँपालिकामा आगामी आ.ब.मा सार्बजनिक पुस्तकालय स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

२३. 'उपाध्यक्ष सँग छात्रा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. 'अध्यक्ष उपाध्यक्ष छात्रवृत्ति कोष'लाई निरन्तरता दिइनेछ साथै आर्थिक अवस्था कमजोर भएका वालवालिकाहरुको माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिने छ र प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनका लागि आवश्यक छात्रवृति को व्यवस्था गरिने छ ।

२५ . विल्डवन संस्था संग विद्यालयका भवन बनाउने कार्यमा भएको साझेदारीलाई निरन्तरता दिइनेछ।

२६ . अटिजम भएका बालबालिका हरुको शिक्षा,स्वास्थ्यमा पहुँच पुर्याउनको निमित्त र क्षमता अभिवृद्धि लगाएत पून: स्थापना सुधार कार्यक्रम संचालन गरिने छ।

२७. मोहन्याल ५ स्थित विद्यांचल आधारभूत विद्यालय न्यौलाडको घेराबर निर्माण कार्य यस आर्थिक वर्षमा सुरुवात गरिने छ|

## (२) स्वास्थ्य तर्फ :

१. मोहन्याल गाउँपालिका अन्तर्गत रहेका तीनवटै स्वास्थ्य चौकीहरुमा ईन्टरनेट सेवा सर्बसुलभ सहज र सरल रुपमा बनाउने साथै १० शैयाको अस्पताल पूर्बाधार निर्माणको कामलाई अविलम्ब अगाडी बढाइनेछ ।

२. सरुवा रोगको रोकथाम, नियन्त्रण तथा उपचार एवं स्वास्थ्य विपद व्यवस्थापन तयारी प्रतिकार्य गर्नका लागि यस मोहन्याल गाउँपालिकाको स्वास्थ्य चौकीहरुलाई स्तरोन्नती गरी सामुदायिक अस्पतालमा चाहिने आवश्यक औजार उपकरण लगायत स्थानीय अस्पताल सुदृढीकरण कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

३. उपाध्यक्ष गर्भवती तथा सुत्केरी महिला पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ जसमा (सुनौला हजार दिन) गर्भावस्थाको पहिलो दिन देखि बच्चा जन्मिएको २ वर्षसम्म पोषण अवस्थामा सुधार गर्न प्रोटोकल अनुसारको गर्भवती जाँच (४,६, ८ र ९ महिना) गर्ने र आवश्यक शारीरिक, संवेगात्मक, बौद्धिक विकासका लागि चाहिने गर्भवती महिलालाई अण्डा र पोषणयुक्त खानेकुराको वितरण तथा घरैमा उपलब्ध हुने पोषणयुक्त खानेकुराको प्रयोग गर्न प्रोत्सान गराइनेछ ।

४. स्वास्थ्यको अभिन्न अंग एवं मेरुदण्डकै रुपमा उभिएका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उचित खालको प्रोत्साहन रकमको व्यवस्था गरिनेछ साथै महिला स्वयमसेविका कोष स्थापना नभएका वडाहरुमा न्युनतम ५०,००० (पचास हजार) को कोष स्थापना गरिने छ।

५. जेष्ठ नागरिकको स्वास्थ्य अवस्थाको ख्याल गरी जेष्ठ नागरिक उपचार कार्यक्रम गर्ने व्यवस्था गरिनेछ। गाउँपालिका क्षेत्र भित्रका जेष्ठ नागरिकहरुको संरक्षण,नियमित र शिबिर मार्फत निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्थाका साथै अन्य प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन

गरिनेछ र वडा स्तरमा रहेका सामुदायिक स्वास्थ्य इकाई को व्यवस्थापन समितिलाई सक्रिय बनाइ व्यवस्थापन कोषको स्थापना गर्न लगाइने छ ।

६. माहामारी व्यवस्थापनको लागि चाहिने आवश्यक औषधि तथा सामग्री वफर स्टक सहित व्यवस्था गरिनेछ ।

७. संक्रमण रोकथाम तथा नियन्त्रणका लागि चाहिने आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

८. नियमित रुपमा स्वास्थ्य संस्थाबाट सेवा सञ्चालन तथा उपचार गर्नका लागि चाहिने औषधि लगायत अन्य औषधिजन्य सामाग्री वर्षभरी अपुग नहुनेगरी खरिद तथा ढुवानीको लागी व्यवस्था गरिनेछ ।

९. समुदायमा फैलिरहेको नसर्ने रोगलाई रोकथाम गर्न तथा नियन्त्रण गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सञ्चालन हुने मासिक खोप कार्यक्रम निरन्तरताका साथ पूर्ण खोप दिगोपनालाई जोगाई राख्न सुनिश्चित गर्न आवश्यक कार्य गरिनेछ ।

११.सेवाको पहुँचबाट टाढा रहेका वस्तीहरुमा संकास्पद क्षयरोग रोगी पत्ता लगाई क्षयरोग निदान तथा नियन्त्रण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१२. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. स्वास्थ्य चौकीहरुको स्तर वृद्धिको पहल गर्नुका साथै एक वडा एक आधारभूत स्वास्थ्यसेवा केन्द्र स्थापना भई सकेको र जनशक्ति तथा उपकरण व्यवस्थापनका लागि सरोकार वाला निकाय तथा स्वास्थ्य मन्त्रालयमा आवश्यक पहल गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम लाई निरन्तरता दिइनेछ सो कार्यक्रममा एकल महिला,शहिद परिवार घाइते, बेपत्तापरिवार, दलित,अति बिपन्न घर परिवार हरुलाई पालिकाबाट स्वास्थ्य बीमा रकम को ५०% रकम व्यहोरिनेछ म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । युवा युवतीहरुको लागि यौन तथा प्रजनन शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१४. गाउँबस्तीमा रहेको मातृ तथा बाल्यकालिन कुपोषणको स्थितिलाई न्यूनीकरण गर्न गाउँपालिकाका सातै ओटा वडाहरुमा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. नेपाल सरकारले हरेक गाउँपालिकामा १० देखि १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १० शैयाको अस्पताल स्वीकृत भईसकेको र पूर्वाधार विकासका लागि यो बर्ष मै भवन निर्माण अगाडि बढाईनेछ ।

१६. मोहन्याल गाउँपालिका अन्तर्गतका बर्थिङ सेन्टरमा आउने सुत्केरी हुन आउने गर्भवती महिलालाई बर्थिङ सेन्टरमा सुत्केरी गराउन नसकेको अवस्थामा गर्भवती महिलालाई नजिकको अस्पतालमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा को व्यवस्था गरिनेछ ।

१७ .हाल सम्म सेवा दिदै आइरहेका सामुदायिक महिला स्वाथ्य स्वयमसेविकालाई बिदाई गर्नुपर्ने भएमा प्रोत्साहन खर्च उपलब्ध गरिनेछ ।

१८. सुनौला हजार दिनका आमाहरुको स्वास्थ्य प्रर्वद्धनका लागि बहुक्षेत्रीय पोषण आयोजना, सुआहारा तथा अन्य स्वास्थ्यसंग सम्बन्धित गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा प्रभावकारी नदेखिएको पोषण कार्यक्रमलाई थप सशक्त रुपमा समुदायसम्म लैजाने व्यवस्था मिलाइनेछ ।

१९. स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न भैरहेका स्वास्थ्य संस्थाको स्तरवृद्धि गर्नुको साथै,कम्तीमा आवश्यकताका आधार गाउँघर क्लिनिक, बर्थिङसेन्टर र स्वास्थ्य संस्था निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

### (३) खानेपानी तथा सरसफाई स्वच्छता तर्फ :

१. वास व्यवस्थापन बोर्डलाई प्रभावकारी बनाउँदै जलउपयोगका लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन,समयानुकुल परिमार्जन गरी नयाँ कानुनहरुको निर्माण गरिनेछ । गाउँपालिकाले जलउपयोग गुरुयोजना अध्यावधिक गरी सोही अनुसार विद्यमान सबै खाले

खानेपानी,सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ, सो कार्यका लागि पालिकामा वास युनिट शाखाको स्थापना गरिने छ ।

२. मोहन्याल गाउँपालिका वडा नं. १ देखी वडा नं. ७ सम्मका मुख्य सडक क्षेत्रमा रहेका बस्तीहरुको खानेपानी ब्यवस्थापन गर्न हाल सन्चालनमा रहेका खानेपानी योजनाहरुसंगको सहकार्यमा आवश्यक पूर्वाधारहरु निर्माण गरी एक घर एक धारा सेवा सन्चालनमा ल्याउन कार्यक्रम सन्चालन गरिनेछ ।

३. नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले गाउँपालिका भित्र रहेका खानेपानीका मुहानहरुको पानी परीक्षण गर्नका लागि आवश्यक पहल गरिनेछ ।

४. लागत मितव्ययी पारदर्शिता कायम गर्दै खानेपानी तथा सरसफाई स्वच्छताको क्षेत्रमा सार्वजनिक सुनुवाई, लेखापरीक्षणलाई लैंगिक समानता र सामाजिक समाबेशिताको आधारमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५. खानेपानी योजना सन्चालनमा उपभोक्ता समितिहरुमा ५० प्रतिशत महिला र दलित, जनजाति एकल पिछडा वर्ग सबैको समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता गरिनेछ ।

६. जलबायु अनुकुलन हुने गरी योजनाहरु निर्माण गरिनेछ । योजना निर्माण गर्दा बहुउपयोगी योजनामा आधारित भएर डिजाइन गरिनेछ । खेर गएको पानी आयआर्जनका लागि जीबिकोपार्जनका क्षेत्रमा लगाइनेछ सोका लागि योजना क्षेत्रमा खेर जाने पानीका लागि संकलनपोखरीहरु निर्माण गरिनेछ।

७. योजनाहरुलाई भरपर्दो सहकारी संस्थामा आबद्ध हुन प्रेरित गरिनेछ ।

८. वडा भित्र रहेका टोल बस्तीहरुमा साना खानेपानी योजना एक भन्दा वढी भएमा संयुक्त समिति वनाई एकद्धार प्रणालीवाट योजना सन्चालन गरिनेछ ।

९.फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वच्छ तथा सफा गाउँपालिका वनाउने नीति लिइनेछ ।

१०. बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय,घरायसी सरसफाई र आनीबानी परिबर्तनको महत्वपूर्ण भूमिका रहन्छ यसैलाई मध्यनजर गर्दै "स्वच्छ, निरोगी हामी : नियमित हातधुने बानी" भन्ने अभियान सञ्चालन गरी आगामी चार वर्षभित्र शत प्रतिसत घरमा हातधुने स्टेसन निर्माण गर्न यस बर्ष बाटै अभियान सञ्चालन गरिनेछ । साथै ठोस,तरल तथा दिसाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि गाउँपालिकामा आवश्यक नीति र योजना तयार गरी सोही अनुसार कार्यान्वयन गरिनेछ।

११.खानेपानी,सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित क्षेत्रमा कार्यरत विकास साझेदार तथा प्रदेश र केन्द्र सरकार मार्फत सञ्चालन गर्ने कार्यक्रममा हुने दोहोरोपना हटाई सह-लगानी तथा सहकार्य गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालन गरिनेछ । साथै खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति तथा ईकाईको स्थापना गरी योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरिनेछ ।

१२. पृथ्वी सबै जीवनको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक बिबिधताको संरक्षण गर्नु हाम्रो दायित्व हो। यसका लागि जैबिक बिबिधता तथा वातावरण संरक्षण सम्बन्धी आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास तथा जैबिक बिबिधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनर्भरण अभियान सञ्चालन गरिनेछ ।

१३. मोहन्याल गाउँपालिका तथा 'कर्णाली जल परियोजना' सँगको साझेदारीको रकम वृद्धि गरी खानेपानी समस्या भएका बस्तीहरुको पहिचान गरी धेरै भन्दा धेरै खानेपानी योजनाहरु सञ्चालन गरी खानेपानीको समस्या न्यूनीकरण गर्न पहल गरिनेछ ।

१४. खानेपानी परियोजना संचालन गर्न कर्णाली जल परियोजना संगको निरन्तरता दिनुका साथै खानेपानीको समस्या समाधानको लागि संघिय सरकार र प्रदेश सरकार संग समन्वय तथा पहल गरिने छ । माथिल्लो धम्कोट खानेपानी मोहन्याल-५,कटौजे धनाड़ी खानेपानी मोहन्याल-५ , कुइने खानेपानी मोहन्याल-७ , बासपानी खानेपानी मोहन्याल-२ , खालिगडा खानेपानी मोहन्याल-१ ,बडीखर्क सोलार लिफ्ट मर्मत मोहन्याल-४ ,झाप्री खोला बहुउद्धेश्यीय खानेपानी मोहन्याल-२ ,टीउले खानेपानी मोहन्याल-१ मा संघ र प्रदेश सरकारको साझेदारीमा यसै आर्थिक वर्ष बाट कार्यक्रम संचालन गरिने छ ।

१५. वडा नं. ७ स्थित बढीगाउँ खानेपानी को काम यसै आर्थिक वर्ष देखि अगाडी बढाइनेछ।

१६. वडा नं.२ स्थित पण्डौन खानेपानी को काम लाई निरन्तरता दिई निर्माण कार्य अगाडी बढाइनेछ।

१७. वडा नं.३ स्थित फल्लेबिसौना खानेपानीको काम लाई यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरि तिब्रताका साथ अगाडी बढाइनेछ।

१८. वडा नं.५ स्थित मोहन्याल खानेपानीको काम यसै आर्थिक वर्षमा सुचारु गरीनेछ।

१९. वडा नं.३ स्थित फल्लेबिसौना स्थित डिप ट्र्युबेल भूमिगत सिचाई योजनाको कार्य यसै आर्थिक वर्ष देखि संचालन गरिने छ।

२०. वडा नं. ३ स्थित फल्लेबिसौनामा डिप बोरिंगको काम यसै आर्थिक वर्षमा सुरु गरि सम्पन्न गरिने छ।

२१. वडा नं.१ स्थित चाँयाभावरमा डिप बोरिंगको काम यस आर्थिक वर्षमा सुरु गरिने छ।

२२. बढीगाउँ,कुइने र कचालीमा डिप बोरिंगको काम यसै आथिक वर्ष देखि सुरु सुरु गरी सम्पन्न गरिने छ।

२३. वडा नं.४ स्थित रज्मा खानेपानी योजनाको कार्यलाई निरन्तरता दिई तिब्रताका साथ काम अगाडी बढाइनेछ।

२४. मोहन्याल ५ स्थित रंगेछडा खानेपानी,मोहन्याल खानेपानी,मैतड़ी खानेपानी, झुक्झुके खानेपानी, बिर्खेत भित्ता खानेपानी,आपगैरा खानेपानी र काक खोला खानेपानीको काम लाई यसै आर्थिक वर्षमा सम्पन्न गर्ने उदेश्यका साथ तिब्ररुपमा निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

२५. वडा नं.२ स्थित पण्डौन भालुछडाखानेपानी योजनाको कामलाई निरन्तता दिदै यसै वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएकोछ।

२६ . वडा नं.४ स्थित रज्मा तल्लोटोल खानेपानी योजनालाई निरन्तरता दिई तिब्रताका साथ काम अगाडी बढाइ यसै वर्षमा सम्पन्न गरिनेछ।

## (४ )युवा र खेलकुद तर्फ :

१. **स्वस्थ र सिपयुक्त युवा, विकासका साझेदार** नारालाई आत्मसात गर्दै युवाहरुको अनुशासित र व्यवसायिक खेल जीवनको विकास, रोजगारीको सृजना एवं युवाहरुको सर्वाङ्गीण विकासमा जोड दिईनेछ।
२. मोहन्याल गाउँपालिकामा पालिका स्तरीय खेलकुद विकास परिषद गठन गरिनेछ।
३. विद्यालय तथा क्लवहरुलाई बालबालिकाको खेल जीवनको आधार स्तम्भको रुपमा विकास गर्न खेलकुद समाग्रीहरु वितरण गरिनेछ।
४. स्वस्थ र सिर्जनशिल युवाका लागि खेलकुद विकास गर्न सम्भाव्यता अध्ययन गरी कम्तीमा एउटा बृहत खेल मैदान तथा कबर्डहल निर्माणका लागि पहल गरिने र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ। हरेक बर्ष पालिका स्तरिय अध्यक्ष कप खेलकुद,वडा अध्यक्ष कप खेलकुद प्रतियोगिता,बिद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने र यसको निरन्तरता गर्ने व्यवस्था मिलाइनेछ।
५. प्रत्येक वडामा सहज पहुँच हुने गरी खेलमैदानको व्यवस्था गर्न पहल गरिनेछ।
६. प्रत्येक वर्ष पालिका स्तरीय सहिद स्मृति अन्तर विद्यालय खेलकुद प्रतियोगिता संचालन गरिने छ|
७. जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट भई छानिएका खेलाडीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिने छ।
८. युवाहरुको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ।
९. लैङ्गिक समानता र सशक्तिकरण, लागुपदार्थ दुर्वयसन, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम युवा केन्द्रित कार्यक्रम संचालन गरिनेछ।
१०. शिक्षित, सिपयुक्त र उद्यमशिल युवाशक्तिलाई पालिकाको मानविय पुँजीको रुपमा स्वीकार गरी, मानविय पुँजी विकासका कार्यक्रम संचालन गरी पालिकाको समग्र विकासमा परिचालन गरिनेछ।

११. बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गर्ने र उक्त युवाहरुको समूह निर्माण गरी सामूहिक रुपमा व्यवसाय गर्न उत्प्रेरित गरिनेछ ।

१२. बेरोजगार शिक्षत युवाहरु लाई आत्मनिर्भर बनाउनको निमित्त कम्प्युटर BASIC र डिप्लोमा कोर्ष सिकाउने ब्यवस्था गरिने छ । सो कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१३. प्रत्येक बर्ष पालिका स्तरीय **उपाध्यक्ष कप भलिबल प्रतियोगिता** संचालन गरिनेछ ।

## (५) सामाजिक सुरक्षा तथा संरक्षण तर्फ :

१. सात(७) वटै वडामा हुने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता विवरणको अभिलेखलाई व्यवस्थित गरिनेछ । यस कार्यको लागि तालिम तथा अभिमुखीकरणको समेत व्यवस्था गरिनेछ।

२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई पूर्णत:Online System मा परिणत गरिनेछ ।

३. ६८ वर्ष माथिका ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता घर मै पुगी वितरण गरिने व्यवस्था मिलाइनेछ ।

४. व्यक्तिगत घटना दर्ता प्रमाणपत्र दिन प्रत्येक वडाहरुमा एकरुपता ल्याउन को लागि निसाना छाप सहित रंगिन नेपाली कागज उपलब्ध गराइने छ ।

५. सामाजिक सुरुक्षा भत्ता प्राप्त गर्ने लाभग्राही हरुको भाद्र मसान्त सम्म नबिकरण गरिने छ ।

## (६) लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ:

१. "**भविस्यका कर्णधार हुन बालबालिका, महिला हिंसा र बालबिबाह मुक्त हुने छ हाम्रो पालिका"** भन्ने मुल नाराका साथ सामाजिक समावेशिकरण, सभ्य र समतामुलुक पालिकाको निर्माणमा जोड दिइने छ ।

२. महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्वारा प्रवर्द्धित सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय र स्वरोजगारको क्षेत्रमा परिवर्तन गर्ने तथा प्रत्येक वडामा महिला सहकारी संस्था दर्ता गर्न पहल गरिनेछ र दर्ता भै संचालनमा रेहेका र समुदायमा राम्रो कार्य गरेका महिला सहकारीलाई सहकारी शाखा मार्फत अनुदान व्यवस्था मिलाइनेछ ।

३. गाउँपालिका भित्रका विपन्न महिलालाई विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धि सम्वन्धी तालिम दिइ सहकारी समूह मार्फत जागरुक र सशक्त वनाइनेछ ।

४. लैगिंक हिंसा,घरेलु हिंसा र मानव वेचविखन सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

५. लैंगिक उत्तरदायी बजेट मार्फत यस पालिका भित्रका सम्पूर्ण विकास निर्माण लगायतका क्रियाकलापमा महिला सहभागिता सुनिश्चित गरिनेछ ।

६. एकल तथा पिछडिएका महिलाहरु र पढाइ छोडेर अलपत्र भएका किशोरीहरुका लागि सीपमूलक तालिम संचालन गरिनुका साथै अनौपचारिक शिक्षाको व्यवस्था गरिने छ ।

७. जेष्ठ नागरिकहरुको संरक्षण हेरचाह तथा सम्मान सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

८. विधुवा तथा विदुर, असहाय हिंसा पीडित मानसिक रुपमा कमजोर र जोखिममा परेका जेष्ठ नागरिकहरुलाई विभिन्न राहत कार्यक्रम तथा छुटको व्यवस्था गरिनेछ ।

९.अपाङ्गता भएका जुनसुकै व्यक्तिहरुलाई सुविधा, सम्मान र संरक्षणको व्यवस्था गरिनेछ । तर अपाङ्गता परिचयपत्र वितरण प्रकृयालाई व्यवस्थित बनाउन परिचयपत्र माग गरिएका ब्यक्तिहरु स्वयं उपस्थित गराई पहिचानबाट मात्र परिचयपत्र बितरण गरिने छ । यसबाट आम नागरिकलाई असहज महसुस भए पनि पारदर्शिता कायम हुनेछ ।

१०.अपाङ्गता भएका व्यक्तिहरुको लागि भौगोलिक अवस्थालाई मध्यनजर गर्दै सहायक सामाग्री वितरणको व्यवस्था मिलाई

आवागमनलाई सरल तथा सहज वनाउनमा पहल गरिनेछ ।
११. बालबालिकाउपर हुने सवै प्रकारका हिंसा र अपराध विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
१२. बालमैत्री वडा तथा गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ भने बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि आवश्यक कार्यबिधि तयार गरी यसै आ.ब.बाटै उक्त कार्यक्रमलाई अगाडी बढाइनेछ ।
१३.महिलाको व्यक्तिगत स्वास्थ्य र सरसफाई सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्न सामग्री वितरण गरिनेछ ।
१४.मासिक, चौमासिक र बार्षिक रुपमा प्रचारप्रसार र सूचनामूलक सामग्री प्रकाशन गरिनेछ ।
१५.मर्यादित महिनावारीको नीति अवलम्वन गरिनेछ ।
१६. बालविवाह र बहुविवाह न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१७.अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्य गरिनेछ ।
१८. द्वन्द्वपिडित बालश्रमिक, बेचविखनमा परेका, अभिभावक गुमाएका र जोखिममा परेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको संरक्षण गरिनेछ ।
१९. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समिति गठन गरी आवश्यक नीति तयार गरी लागु गरिनेछ ।
२०. मोहन्याल गाउँपलिका अन्तर्गतका दलित समुदायको हित अभिवृद्धिका लागि गाउँपालिका भरि अभियान चलाउने र दलित सेवा केन्द्र स्थापनाका लागि आवश्यक बजेको व्यवस्था गरिनेछ ।

## घ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र :

### (१) सार्वजनिक सेवाप्रवाह तथा सुशासन तर्फ :

१ . "प्रारदर्शिता र जवाफ देहिता सहितको मोहन्याल बनाउने अध्यक्षको मन, अब देखि हुने छ मोहन्यलमा सुशासन " भन्ने मूल मर्मलाइ आत्मसाथ गर्दै मोहन्यालमा हुने हरेक विकासका काम लगायत कार्यालय बाट सेवा प्रवाह लगायतका विषयमा जबाफ देहिता र प्रारदर्शिता हुने छ ।
२ .गाउँपालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाहको व्यवस्था मिलाइनेछ भने प्रशासनिक केन्द्र परिसरमा आवश्यक विद्युतीय प्रणालीको सेवा बिस्तार गरिनेछ ।
३.गाउँपालिकाको कर्मचारी दरवन्दी संगठन संरचना अध्ययन गरी आवश्यकता अनुसार दरवन्दी संगठन संरचनामा वृद्धि गरिनेछ ।
४.गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा लाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई जनमैत्री र पारदर्शी बनाईनेछ ।
५.आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने, अनियमितता र भ्रष्टाचारमा संलग्न हुने जो कसैलाई कडा कारवाही गरिनेछ भने राम्रो काम गर्नेलाई पुरस्कृत गरिनेछ ।
६.गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुको खाइपाइ आएको तलव भत्तामा पुनरावलोकन गरिनेछ ।
७ . कर्मचारी कल्याण कोषकोमा रु. १०,००,००० (दश लाख) जम्मा गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
८ . हलुका सवारी चालक तथा जे.सी.वि चालक र हेल्पर लाइ खाना खाजा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
९. देशको आर्थिक मन्दीलाई मध्यनजर गर्दै प्रशासनिक खर्च लगाएत अति आवश्यक बाहेक अन्य तालिम सेमिनार गोष्ठी र अतिरिक्त सेवा सुविधालाई कटौती गरि खर्च प्रणालीलाइ मितव्ययी बनाइने छ ।
१० . गाउँपालिकाको राजश्व संकलनमा अभिवृद्धि र बेरुजु घटाउनका लागि सरोकारवालाहरु पहिचान गर्ने र उनीहरुको क्षमता बढाउने तथा बेरुजु घटाउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
११. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

### (२) श्रम तथा रोजगार :

१. आगामी आ.ब. २०८०/०८१ मा रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमसंग पालिकाले साझेदारी गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ब्यबस्थित गर्न रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) को डाटा ईन्ट्रीलाई थप प्रभावकारी बनाइनेछ।
३.आगामी आ.ब. २०८०/०८१ मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन प्रणालीमा समाबेश भएका कामदारहरुलाई मात्र परिचालन गरिनेछ।
४.स्थानीय तहमा सुचीकृत भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माणसंगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ।
५. "म बनाउँछु मेरो मोहन्याल, श्रमदान माहाअभियान" भन्ने मूल नाराका साथ जनता लाई श्रमदान गर्नमा अभिप्रेरित र पोत्साहन गर्ने उद्देश्य का साथ अध्यक्ष संग श्रमिक लाई स्वस्फुर्त रुपमा श्रम गर्ने वातावरण सिर्जना गरिने छ।
६. श्रमको सम्मान रास्ट्रको अभियान अन्तर्गत मोहन्याल गाउँपालिकामा रहेका सबै प्रकारका श्रमिक लाइ गाउँपालिका क्षेत्र भित्र स्वरोजगार मुलक कार्यमा सहभागी गराउन प्रेरित गरिने छ।
७. बेरोजगार संग स्थानीय सरकार पालिकामै बनाउने छौं स्वरोजगार अन्तर्गत स्वरोजगार बनाउन सकिने हाम्रो परिवेस सुहाउदो सिपमुलक आयोजना संचालन गरिने छ र १८ देखि ३० वर्ष उमेर समुहका युवा हरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरि आत्मनिर्भर बनाई योग्य जनशक्तिको रुपमा तयार गरिने छ।

### (३)कानुन तथा न्याय :

१. गाउँपालिकाको न्यायीक समितिबाट छिटो छरितो र पारदर्शि रुपमा न्यायिक कार्य सम्पादन गर्न न्याय प्रणालीलाई स्वतन्त्र, पार्दर्शी, पहुँच योग्य, सक्षम एवं विश्वसनीय बनाईने छ।
२. मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाउन नयाँ कानुन, कार्यविधि, मापदण्डको अध्ययन, अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ।
३. वडा तथा समुदाय स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी सहज रुपमा न्याय व्यवस्था मिलाईने छ यसकोलागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।
४. मोहन्याल गाउँपालिकाको प्रत्येक वडामा कम्तीमा चार जना मेलमिलापकर्ताहरुको व्यवस्था गरी वडा मै मेलमिलाप गर्ने व्यवस्था गरिनेछ उक्त कार्यको लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

### (४) राजश्व परिचालन तर्फ :

१. सरल र सहज कर कानून निर्माण गरी करको दायरा फराकिलो गरी न्युनतम करको दरबाट अधिकतम राजश्व संकलन गर्ने नीति अवलम्वन गरिनेछ।

२. गाउँपालिकको वेरुजुलाई घटाँउदै लगिनेछ।

३. भूमिकर(मालपोत), मालपोत तथा सम्पतिकरलाई समय सापेक्ष बनाउदै वडास्तरवाटै राजश्व संकलन कार्यलाई निरन्तरता दिईने छ।

४. गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गरी कर योग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ।

५. गाउँपालिकाको राजश्व तथा कर सम्बन्धी नीति एवं कानुन निर्माण गर्दा निजी व्यवसायी, उद्यमी, नागरीक समाज सहित सरोकारवालाहरु संग व्यापक छलफल गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई दिगो वातावरण मैत्री बनाउदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ।

७. राजश्व संकालनलाई थप प्रभावकारी बनाउन करदाता शिक्षा तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम जस्ता कार्यक्रम संचालन गरीनेछ।

## ङ. विविध :

१. मोहन्याल गाउँपालकाको प्रथम गाउँसभा देखि एघारौँ गाउँ सभा सम्मले लिएका नितिहरुलाई औचित्यका आधारमा पुनरावलोकन सहित निरन्तरता दिइने छ।

२. गाउँपालिकाको विकासका लागि स्थानीय बुद्धिजीबी, समाजसेवी, बिषयबिज्ञ, स्वदेश तथा विदेशमा बसोबास गरिरहेका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीसंग मोहन्यालको सर्वाङ्गीण विकासका लागि सहयोगको आह्वान गरिनेछ ।

३. गाउँपालिकाबाट छनौट हुने ५ लाख भन्दा साना योजना र वडाबाट छनौट हुने ३ लाख भन्दा साना योजनाहरुमा रकम विनियोजन गरिने छैन।

४. उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागु गरिने छ।

५. मोहन्याल गाउँपालिका अन्तर्गत सञ्चालन भइरहेका भाँडाका सवारी साधनहरुको समय तालिका तथा निर्धारित भाँडा दरका सन्दर्भमा कडाइका साथ सुपरीवेक्षण गरिने छ। साथै मोन्याल गाउँपालिकामा बस पार्क निर्माणका लागि आवश्यक पहल गरिनेछ

६ .गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवा को प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला सामग्री को भौगोलिक दुरीको आधारमा स्थानीय  दररेट निर्धारण गरिने छ।

७. सहिद प्रतिष्ठान गठन गरिनेछ। महान जनयुद्ध लगायत विभिन्न समयमा भएका न्यायिक आन्दोलनको लागि जीवन उत्सर्ग गर्ने सहिद प्रति सम्मान स्वरुप प्रत्यक वर्ष फागुन १ गतेको दिन सार्वजनिक बिदा दिइनेछ। साथै सोही दिन शहिद परिवार , घाइते परिवार र वेपत्ता परिवारलाई गाउँपालिका द्वारा विविध कार्यक्रम गरि सम्मान गरिनेछ। साथै घाइते  योद्धाहरुको व्यवस्थापन र जीविकोपार्जनको लागि आय आर्जन तथा सिप मुलक कार्यक्रम लागु गरिने छ। यस कार्यका लागि बजेटको व्यवस्थापन गरिने छ।

८. स्थानीय तहको विषयगत रणनैतिक योजना तयार गरि लागु गरिनेछ र यसका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

९.सहकारी संस्था र उपभोक्ता समितिको संस्थागत क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ।

बजेट आफै तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयासले सम्भव छैन । तसर्थ  गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, राजनैतिक दल,संघ, संस्था, विकास साझेदार र आम जनसमुदायहरुको प्रयास बाट मात्र सम्भव छ । समग्र मोहन्याल गाउँपालिकाको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि बढाउँदै तर्जुमा भएका योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक रुपमा कार्यान्वयन गर्न सबै तिरबाट सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम जनसमुदाय, दाजु-भाइ तथा दिदी-बहिनीहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । मोहन्यालको विकास प्रकृयामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, दातृ निकाय, संघ-संस्था तथा निजी क्षेत्र प्रति म मोहन्याल गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै, आगामी दिनहरुमा पनि निरन्तर रुपमा अटुट सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**
**देवीदत्त उपाध्याय (हिमशिखर)**
**अध्यक्ष**
**मोहन्याल गाउँपालिका**
**२०८० साल असार १०**